**कञ्चनरुप नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कंचनपुर, सप्तरीको आ. व. ०८३।०८४ को**
**नीति तथा कार्यक्रम**

**तेऱ्हौं नगरसभा अधिवेशनका सदस्यज्यूहरु**

१. यस गरिमामय तेऱ्हौं नगर सभा अधिवेशनमा कञ्चनरुप नगरपालिका नगर कार्यपालिकाको नगर प्रमुखको हैसियतले अगामी आर्थिक वर्ष २०८३।०८४ को नीति कार्यक्रम वजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजहरुलाई स्मरण गर्दै नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक रुपान्तरण र जनउत्तरदायि शासन प्रणाली स्थापनाको आकाङ्क्षा सहित २०८२ भदौ २३ र २४ गते यूवा पूस्ताको ऐतिहासिक सहभागितामा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने नागरिक तथा राष्ट्रसेवक एवं लोकतन्त्र, स्वतन्त्रता र परिवर्तनका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**नगरसभा अधिवेशनका सदस्यज्यूहरू**

**कञ्चनरूप नगरपालिकाको तेऱ्हौं नगरसभा अधिवेशनका आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम**

**वजेटको प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु**

कञ्चनरुप नगर कार्यपालिकाले आ.व.२०८३।०८४ का लागि नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान, संघीय सरकारको आ.व.०८३।०८४ को नीति तथा कार्यक्रम मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम आवधिक योजना दिगो विकासका लक्ष्यहरु नेपाल सरकारका दस्तावेजहरुलाई मार्गदर्शनका रुपमा अवलम्बन गरिएको छ ।

**नगरसभा अधिवेशनका सदस्यज्यूहरु**
**म आगामी आ.व. २०८३/०८४ को विषयगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**१. आर्थिक विकास :**

**१.१ कृषि क्षेत्र :**

१.२ कृषि विद्युतिकरणलाई विस्तार न्यूनतम कृषि मिटर, सिंचाई प्रयोजनका लागि हरेक वडाका वस्तीहरुमा कृषि विद्युतिकरणक कार्यक्रममा प्राथमिकता दिइनेछ ।

१.३ कृषि उत्पादन वृद्धि गर्न र कृषकहरुको मनोबल उच्च राख्ने लागत साझेदारीमा कृषि बिऊ विजन फलफुलका विरुवा, मलखाद्य, कृषि औजार, किटनाशक विषादी कृषकलाई सहज उपलब्ध गराइनेछ । गुणस्तरीय मौसमी वहुवर्षिय र बेमौसमी खेती प्रवर्द्धनमा निरन्तरता दिइनेछ ।

१.४ कृषि र पशुपंछीमा लाग्ने विभिन्न रोग महामारी किराहरुको नियन्त्रण, रोकथाम, उपचार र परामर्शका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

१.५ सिंचाई क्षेत्रको वृद्धि गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न डिप बोरिङ्ग र समर्सियल जडान कार्यक्रमको व्यवस्था मिलाईनेछ ।

१.६ मलखाद्य सहज आपूर्तिको लागि अधिकृत विक्रेताको संख्यामा वृद्धि गरिनेछ ।

१.७ कृषिलाई अर्थतन्त्रको मेरुदण्डको रुपमा स्वीकार गर्दै खाद्यान्नमा आत्मनिर्भर बनाउन कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरि कृषिजन्य आयातलाई न्यूनिकरण गरी निर्यातमा जोड दिइनेछ ।

१.८ **"फलफूल बगैंचामा वृद्धि, कञ्चनरुप न.पा.को समृद्धि"** नारालाई मुर्तरुप दिन वृहत आँपको क्षेत्र १२ वटै वडामा विस्तार गरिनेछ ।

१.९ कञ्चनरुप न.पा.लाई सिंचाईमा आत्मनिर्भर बनाउने कृषि मिटर र कृषि विद्युतिकरणमा जोड दिइनेछ ।

१.१० सामुहिक र सहज खेतीका लागि चक्लाबन्दी खेतीको अवधारणको विकास र विस्तार गरिनेछ ।

१.११ माटोको उर्वरता सुधार, बाली उत्पादन वृद्धि र कार्बन सञ्चय मार्फत जलवायु उत्थानशिलता बढाउने उपायको रुपमा बायोचारको प्रयोगलाई दिगो कृषि अभ्यासको लागि प्रवर्द्धन गरिनेछ ।

१.१२ सतह सिंचाईबाट वञ्चित खेतीयोग्य जग्गाहरुमा वैकल्पिक सिंचाई विधि को प्रयोग गरी सिंचाई सुविधाको व्यवस्थापन मिलाईनेछ ।

१.१३ निर्वाहमुखी कृषिलाई आधुनिक र व्यवसायिक बनाउँदै कृषि उपजमा नगरलाई आत्मनिर्भर तुल्याउन यान्त्रिकीकरण तथा विशिष्टीकरण गरिनेछ ।

१.१४ कृषियोग्य खेतीमा सिंचाई सुविधाको लागि कुलो पैनी मर्मत तथा साना सिंचाई कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१५ किसान सूचीकरण कार्यक्रम लागू गरी कृषक परिचय-पत्र वितरण गरिनेछ ।

१.१६ **"एक व्यक्ति एक विरुवा"** कार्यक्रम लागू गरी हरियाली प्रवर्द्धन गरिनेछ ।

१.१७ कृषि आयलाई वृद्धि गर्न कृषि मेला लगाउने नीति लिईनेछ ।

१.१८ प्रत्येक घरधुरीमा करेसाबारी तथा पोषण बगैंचा प्रवर्द्धन गरिनेछ ।

१.१९ स्थानीय पोषणयुक्त खाद्य उत्पादन, प्रशोधन र उपभोगलाई प्रोत्साहन गरिनेछ ।

१.२० साना किसान, महिला तथा विपन्न परिवारलाई पोषण संवेदनशील कृषि कार्यक्रमसँग जोडिनेछ ।

१.२१ खाद्य तथा पोषण सुरक्षाका लागि कृषि विविधीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१.२२ कृषियोग्य जमिन बाँझो रहने प्रवृत्तिलाई निरुत्साहित गर्दै भूमी बैंक प्रणाली तथा साना तथा सिमान्तकृत किसानको पहुँच सुनिश्चित गरिनेछ ।

१.२३ माटोका स्वास्थ्य सुधारु गर्न जैविक एवं प्राङ्गारिक मल अनुदानको व्यवस्था गर्दै जैविक विविधता संरक्षण र रैथाने बाली प्रवर्द्धन गरिनेछ ।

## २. पशुपंछी क्षेत्र :

२.१ निर्वाहमुखी पशुपालनलाई व्यवसायीमुखी बनाउन संभाव्यताको आधारमा गाई, भैंसी, बाखा, बंगुर पालन पकेट क्षेत्र सञ्चालन गरिने छ ।

२.२ पशुपालनमा घाँसको अहम भूमिका हुने भएकोले समय अनुसारको घाँसको बीऊ उपलब्ध गराउन घाँसको बीऊ बैंक स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२.३ पशुहरुमा लाग्ने खोरेत, लम्की आदि रोगको कारणबाट बर्षेनी पशुपालनमा क्षति पुग्ने खोरेत रोग निवारणका लागि भ्याक्सिनेशन कार्यक्रम सञ्चालन गरिनेछ ।

२.४ नगरपालिका भित्रका पेडा व्यवसायीहरुलाई मनोबल उच्च बनाउन **पेडा विशेष कार्यक्रम** सञ्चालन गरिनेछ ।

२.५ उत्पादन लागत कम गरी कृषकको आयस्तरमा वृद्धि गर्नको लागि पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरी पशुहरुमा कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिनेछ ।

२.६ पशुपंछीमा हुन सक्ने महामारीबाट जोगाउन पशुपंछी खोप कार्यक्रमलाई थप प्रभावकारिताका साथ निरन्तरता दिईनेछ ।

२.७ मत्स्य पालन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न विशेष तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ३. सहकारी सम्बन्धी नीतिहरु :

३.१ हाल दर्ता भई सञ्चालनमा रहेका तर चलयमान नभएका सहकारीहरुलाई एकिकरण गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाईनेछ ।

३.२ सहकारीहरुको क्षमता अभिवृद्धि कार्यगत क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा तालिम COPOMIS प्रविधिमा समावेश गरी राष्ट्रिय सहकारी प्राधिकरणमा आवद्ध गराईनेछ ।

३.३ सहकारी तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्युतीय सूचना प्रणालीको मापदण्ड कायम गर्दै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली लागू गरिनेछ ।

३.४ नियमित सहकारी अनुगमन निरीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

३.५ विपन्न, दलित, पिछडिएका, सिमान्तकृत र न्यून आयश्रोत भएका नागरिकलाई सहकारीमा पहुँच विस्तार गर्ने कार्यनीति अगाडि बढाइनेछ ।

## ४. पर्यटन क्षेत्र :

४.१ आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धन गर्न लभ्ली पार्कदेखि खोत्तर देवी हुँदै धारापानी धर्मेश्वरसम्म पैदलमार्ग निर्माण धर्मेश्वर पर्यटकीय स्थललाई स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

४.२ नगर भित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र प्राकृतिक पूर्वाधारहरुको जिर्णोद्वार, विकास र प्रवर्द्धन गर्ने गरी वजेट विनियोजन गरिनेछ ।

४.३ मठ, मन्दिर, मस्जिद, चर्च, प्रार्थना गृह निर्माण गरिनुको साथै धार्मिक स्थल पर्यटन स्थलहरुको जिर्णोद्वार तथा संरक्षण गरिनेछ ।

४.४ कञ्चनरुप नगरपालिकामा पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय स्थल धर्मेश्वर धारापानी, विष्णु मन्दिर, भजनेश्वर मन्दिर, गोरराजा मन्दिर, भगवती मन्दिर, पञ्चकन्या मन्दिर, राजा सलहेश, दिनाभद्री, गैंडसिंह बाबा, डिठा पोखरीको हनुमान मुर्ति स्थान लगायत पर्यटकीय स्थल स्तरोन्नति गरिनेछ ।

४.५ कञ्चनरुप नगरको प्रमुख पर्यटकीय, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्न नगर पर्यटन विकासको समग्र गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

४.६ पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान गरी पूर्वाधार विकास स्तरोन्नति गर्न वृत्तचित्र तयार गरी प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ५. उद्योग सम्बन्धी नीतिहरु :

५.१ स्थानीय कच्चापदार्थमा आधारित लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।

५.२ न.पा. भित्र उद्योग स्थापना गरी रोजगारी सृजना गर्ने साथै नयाँ व्यवसाय गर्नेहरुलाई विशेष सहुलियत प्रदान गरिनेछ ।

५.३ व्यापारीहरुको मनोबल उच्च बढाउन स्थानीय व्यापारीहरुको समन्वय सहकार्यमा तेश्रो **"कञ्चनरुप व्यापार मेला २०८४"** लगाईनेछ ।

## ६. सामाजिक विकास क्षेत्र :

### शिक्षा युवा तथा खेलकुद

६.१ न.पा. भित्र आधारभूत तहको एक बहिरा विद्यालय र एक नमूना विद्यालयको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

६.२ विद्यार्थीको सर्वाङ्गिण विकास गर्नका लागि प्रत्येक हप्ता अतिरिक्त क्रियाकलाप गर्न लगाउने र सोको लागि विद्यालयलाई आवश्यक सहयोग गरिनेछ ।

६.३ विभिन्न क्षेत्रका विद्यार्थीहरुका लागि लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

६.४ बालबालिकाको शिक्षामा पहुँच र सहभागिता वृद्धि गर्न तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै साक्षर नगर घोषणा अभियानका कार्यक्रमहरु अगाडि बढाईनेछ ।

६.५ **"स्वच्छ समाजको लागि गुणस्तरीय शिक्षा"** नीति अवलम्बन गर्दै स्वास्थ्य, शिक्षाका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

६.६ खेलक्षेत्रलाई प्रवर्द्धन गर्दै खेलाडीको मनोबल उच्च बढाउन र राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न प्रत्येक वर्ष नगर स्तरीय मेयरसँग खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

६.७ सामुदायिक माध्यमिक विद्यालयहरुलाई प्रविधिमैत्री गुणस्तर शिक्षा प्रदान गर्न Smart/Digital Board को व्यवस्था मिलाईनेछ ।

६.८ नगर भित्र रहेका पुस्तकालयहरुको सुदृढिकरण गरिनुका साथै विद्यालय तथा शैक्षिक संस्थाहरुको अधुरो आधारभूत संरचनालाई प्राथमिकताका साथ सम्पन्न गरी प्रयोगमा ल्याईनेछ ।

६.९ गरिब तथा सिमान्तकृत समुदायका जेहेन्दार विद्यार्थीलाई प्राविधिक धार तर्फ मेयर छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६.१० खेलाडीहरुको प्रवर्द्धन, प्रोत्साहन र प्रशिक्षणमा जोड दिई खेलकुद सामाग्री व्यवस्थापन र खेलाडीमा लगायतका कार्यलाई प्राथमिकता दिईनेछ ।

६.११ विद्यालय शिक्षामा देखिएका चुनौतिहरु समाधान गर्न नीतिगत तथा कानूनी प्रबन्ध गरिनेछ ।

६.१२ संस्थागत-सामुदायिक विद्यालय साझेदारी कार्यक्रम लागू गरी संस्थागत विद्यालयहरुको समेत सहभागितामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याईनेछ ।

६.१३ स्थानीय मदरसा बोर्ड गठन तथा काम, कर्तव्य, अधिकार सुनिश्चित गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

६.१४ कर्मचारी, शिक्षक र स्कूलमा विद्यार्थीको उपस्थितिलाई व्यवस्थित गर्नको लागि प्रविधिको अधिकतम प्रयोग गरी सबै विद्यालयमा Bio-Metric उपकरण प्रयोग गरिनेछ ।

६.१५ विद्यालयमा पोषण शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

६.१६ विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय तथा पोषणयुक्त खाद्य पदार्थको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

६.१७ किशोरीहरुको पोषण तथा स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

६.१८ कञ्चनरुप नगरपालिकालाई साक्षर नगर घोषणा गर्ने कार्यक्रम ल्याइनेछ ।

६.१९ विद्यालय नक्साङ्कन, समायोजन, शिक्षक दरबन्दी मिलान कार्य एकिकृत योजना मार्फत कार्यान्वयन गरिनेछ ।

## ७. स्वास्थ्य क्षेत्र :

७.१ जनताको आधारभूत स्वास्थ्य गुणस्तर तथा स्तरीय बनाउँदै नगर अस्पताल कंचनपुरमा विशेषज्ञ सेवा साथै चिकित्सकबाट २४ सै घण्टा ईमरजेन्सी सेवा, २४सै घण्टा फार्मेसी, ल्याब, भिडियो एक्स-रे लगायतका सेवा सञ्चालनमा निरन्तरता दिईनेछ ।

७.२ बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित बनाउन आवश्यक उपकरण सहित दक्ष प्रसुतिकर्मीबाट प्रसुतति गराउन प्रोत्साहन गरी प्रसुति अवस्थामा भएको जटिलताको व्यवस्थापन गर्न कंचनपुर नगर अस्पतालमा अप्रेशन सहितको सेवा सञ्चालनमा ल्याईनेछ । साथै कञ्चनरुप नगरपालिकालाई पूर्ण संस्थागत प्रसुति सेवा (Zero Home Delivery) घोषणा गरिनेछ ।

७.३ कञ्चनरुप नगरपालिका भरीको गर्भवती महिलालाई प्रसुति सेवा, सर्पदंश उपचारको लागि राजविराज, धरान र विराटनगरका अस्पतालहरुमा लानको लागि निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७.४ २० हप्ता देखि २४ हप्ताको गर्भवती महिलालाई एनामेलि परीक्षण तथा ग्रामिण भिडियो एक्स-रे सेवा, क्याल्सियम चकी र फोलिक एसिड चकी तथा सुत्केरी महिलको लागि निःशुल्क स्यानटरी प्याड वितरणको लागि सार्वजनिक स्थलमा भेन्डिङ्ग मेसिनको व्यवस्था मिलाई **"सुरक्षित मातृत्व नगर घोषणा"** को लागि आवश्यक पूर्वाधार सहित बर्थिङ्ग सेन्टरहरुलाई सुविधा सम्पन्न बनाईनेछ ।

७.५ हेलो सिस्टर कार्यक्रमलाई निरन्तरता दिई पोषण मैत्री स्थानीय स्वास्थ्य संस्था/आमा र बालबालिका मैत्री स्वास्थ्य संस्थाको रुपमा विस्तार गर्न **"गर्भवती महिलासँग मेयर/उपमेयर"** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७.६ पूर्णखोप नगरपालिका दिगोपनाको लागि सेवा पहुँचमा अभिवृद्धि गर्न नियमित खोप सेवालाई प्रभावकारी बनाउन शहरी स्वास्थ्य ईकाई वडा नं. ८ मा सञ्चालित संस्थागत खोप क्लिनिकलाई थप व्यवस्थित गर्दै प्रत्येक हप्ता नियमित खोप सेवा सञ्चालनमा ल्याईनेछ ।

७.७ स्थानीय स्तरबाटै बालबालिकाको नियमित तौल तथा पाखुराको जाँचको व्यवस्थाको साथै कुपोषित बालबालिकाको समयमै पहिचान तथा व्यवस्थापन गर्ने र नगर अस्पतालमा आई टि सि सेवा सञ्चालनमा ल्याई पूर्ण पोषण यूक्त नगरपालिका घोषणा गरिनेछ ।

७.८ पोषण मैत्री स्थानीय शासनको लागि **"नमूना पोषण गाउँ" "विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा नमूना करेशावारी"** तथा **"एक घर एक करेशावारी"** निर्माणको अवधारणलाई प्रभावकारी बनाई पोषण विशेष कार्यक्रम र वहुक्षेत्रिय पोषणको प्रभावकारीतामा वृद्धि गरिनेछ ।

७.९ कञ्चनरुप नगर अस्पतालमा **मानसिक परामर्श केन्द्र तथा मानसिक रोगीको व्यवस्थापनको लागि सुधार केन्द्र** निर्माण तथा सञ्चालन गरिनेछ ।

७.१० प्रत्येक वडामा क्षयरोग निदानका लागि खकार परीक्षण शिविर तथा प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरी **"क्षयरोग मुक्त नगर"** घोषणा गरिनेछ ।

७.११ "जेष्ठ नागरिक जिवन सुरक्षा" कार्यक्रम सञ्चालनमा ल्याई जेष्ठ नागरिकहरुको लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाईनेछ ।

७.१२ नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर मैत्री तथा बालमैत्री स्वास्थ्य संस्थाको रुपमा सञ्चालन गर्न आवश्यक सेवाको साथै पूर्वाधारको व्यवस्था मिलाईनेछ ।

७.१३ दलित विपन्न सिमान्तकृत तथा अन्य महिलाहरुमा विद्यमान रहेको आङखस्ने रोगको स्कृनिङ्ग गरी स्वास्थ्य वीमासँग जोडि निःशुल्क पाठेघरको रोगको निदान उपचार र शल्यक्रियाको व्यवस्था मिलाईनेछ ।

७.१४ कंचनपुर नगर अस्पताल, स्वास्थ्यचौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य, पोषण लगायतका सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी उपकरण तथा सामाग्रीको प्रयाप्त व्यवस्था सहित जनशक्तिको उचित व्यवस्था मिलाईनेछ ।

७.१५ नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको आफ्नै जग्गा, भवनको व्यवस्था मिलाईनेछ ।

७.१६ कञ्चनरुप नगरपालिकाको १२ वटै वडाहरुमा (Health and Well-Being Center) (स्वस्थ तथा निरोगी केन्द्रको स्थापना गरी **"योग गरौं-निरोग रहौं"** भन्ने अवधारणालाई दैनिक व्यवहारमा ल्याउन प्रोत्साहित गरिनेछ ।

७.१७ नगर भित्रका ४ वटा बर्थिङ्ग सेन्टरको सेवालाई विस्तार गरी MBBS डाक्टरबाट सेवा सञ्चालनको व्यवस्था मिलाईनेछ ।

७.१८ कुपोषणबाट ग्रसित सुनौलो हजार दिनका महिला तथा बालबालिकाहरुको लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिंदै सन्तुलित पोषण र विविधतायुक्त खानाको लागि सचेतनामूलक कार्यक्रम, पोषण झोला तथा पोषिलो आहार वितरण कार्यक्रम गर्ने, नगर अस्पताल र स्वास्थ्य चौकी बरमझियामा आई.सि.टि. केन्द्र सञ्चालनमा ल्याईनेछ ।

७.१९ स्वास्थ्य संस्था तथा बर्थिङ्ग सेन्टरहरुबाट दिंदै आएको थप गुणस्तरीय तथा सेवामूलक बनाउन स्वास्थ्यकर्मीहरुलाई उच्च शिक्षा/तालिमको व्यवस्था मिलाईनेछ ।

७.२० खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्य आधारभूत सेवालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयं सेविकाको उचित सम्मान तथा सेवा सुविधा उपलब्ध गरिनेछ ।

७.२१ **"जनतासँग मेयर कार्यक्रम"** अन्तर्गत सरकारी तथा गैर सरकारी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी नगरभरीको जनताको लागि घुम्ति तथा घर दैलो स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य शिविर, क्यान्सर शिविर, दिर्घ रोगीको स्वास्थ्य परीक्षण शिविर, स्तन क्यान्सर स्कृनिङ्ग शिविर सञ्चालन गरिनेछ । स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन टेली मेडिसिन सेवा सञ्चालनमा ल्याइनेछ ।

७.२२ स्तनपानलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ बट्टा दुधलाई विस्थापित गर्ने, स्तनपान सम्वन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी कञ्चनरुप नगरपालिकालाई पूर्ण "**स्तनपान नगरपालिका घोषणा"** गरिनेछ ।

७.२४ आयूर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाउन आयूर्वेद औषधालयमा विशेषज्ञ डाक्टरका व्यवस्था मिलाई सेवालाई विस्तार गरिनेछ ।

७.२५ किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप दिईनेछ साथै स्तन क्यान्सर निदान र उपचारलाई सरल तथा सहज वनाउन विशेष किसिमको कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

७.२६ किशोरीहरुमा बढदो रक्तअल्पतालाई न्यूनीकरणको लागि हेमोग्लोविन जाँच तथा दिसा जाँच शिविर सञ्चानल गरी आईरन चक्की तथा जुकाको औषधी नियमित वितरणको व्यवस्था मिलाईने छ ।

७.२७ **"पूर्ण सुरक्षित मातृत्व नगर, पूर्णखोप नगर, कुपोषणमुक्त नगर"** नारालाई आत्मसात गरी मातृ शिशु स्वास्थ्य प्रवर्द्धन गरिनेछ ।

७.२८ कडा रोगवाट पिडित व्यक्तिलाई प्रदान गरिने आर्थिक सहायता प्राप्तिका लागि प्राथमिकताका साथ उपलव्ध गराउन यथाशिघ्र सहज र छिटो छरितो व्यवस्था मिलाइनेछ ।

७.२९ अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि आधुनिक प्राविधिक तथा वातावरणमैत्री उपकरणहरुको व्यवस्था मिलाईनेछ ।

७.३० सञ्चालनमा ल्याउन सकिने नगर अस्पतालका निष्कृय उपकरणहरुलाई आवश्यकत्तानुसार मर्मत सम्भार गरी प्रयोगमा ल्याउन व्यवस्था मिलाइनेछ ।

७.३१ सार्वजनिक स्वास्थ्य, शारीरिक स्फूर्ति, मनोरञ्जन तथा सवै उमेर समुहको समावेशी सहभागिताको लागि योग केन्द्र, जिमपार्क, चिल्ड्रेन पार्क, जेष्ठ नागरिक पार्क निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

७.३२ स्वास्थ्य सेवालाई शुलभ र पहुँचयोग्य तुल्याउन पूर्वाधार विस्तारसँगै सेवा प्रदायक अस्पताल चिकित्सक स्वास्थ्य जनशक्ति र सेवाग्राही वीचको असन्तुलन हटाउने नीति अवलम्बन गरिनेछ ।

७.३३ आयूर्वेद सेवाको सुदृढीकरण र वैकल्पिक चिकित्सा बिधि प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

७.३४ शव वाहनको नि:शुल्क व्यवस्था मिलाइनेछ ।

७.३५ निक साईमन संस्थासँगको समन्वयबाट कंचनपुर नगर अस्पतालमा बिशेषज्ञ सेवा सहितको बिशिष्टिकृत अस्पताल सञ्चालनमा ल्याइनेछ ।

७.३६ टिचिङ्ग अस्पताल तथा बिशिष्टकृत अस्पतालहरुको समन्वयमा कंचनपुर नगर अस्पतालमा निश्चित मापदण्ड सहितको EHS सेवा सञ्चालनमा ल्याइनेछ ।

७.३७ बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-III) तथा पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्दै गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा सामाजिक विकास क्षेत्रबीच समन्वय र सहकार्यमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ । पोषण सम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट सुनिश्चित गरी पोषणयुक्त, स्वस्थ र समृद्ध पालिका निर्माण गरिनेछ र यस पालिकाबाट प्रतिवद्धता व्यक्त गरिए अनुसार ०८३ चैत्र मसान्त भित्र पूर्ण पोषण न.पा.घोषना गरिनेछ ।

७.३८ गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा २(दुई) वर्ष मुनिका बालबालिकाको पोषण सुधारलाई प्राथमिकता दिइनेछ ।

७.३९ सुनौलो १००० दिन लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७.४० पोषणमैत्री स्वास्थ्य संस्था (NFHF) को स्थापना तथा विस्तार गरिनेछ ।

७.४१ बाल वृद्धि अनुगमन, स्तनपान प्रवर्द्धन तथा पूरक आहार सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

७.४२ बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका लागि प्रत्येक वर्ष प्रयाप्त बजेट विनियोजन गरिनेछ ।

७.४३ पोषण सम्बन्धी कार्यक्रमहरुमा विषयगत शाखाहरुको सहकार्य र लागत साझेदारीको व्यवस्था गरिनेछ

७.४४ पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक स्रोत साधन परिचालन गरिनेछ ।

७.४५ पालिका तथा वडा स्तरका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरु तथा समन्वय सहजीकरण समितिलाई नियमित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७.४६ पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन तथा घोषणाका लागि आवश्यक स्रोत र बजेट सुनिश्चित गरिनेछ ।

७.४७ पोषण सम्बन्धि तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गरिनेछ ।

७.४८ पोषण सम्बन्धी सूचकहरुको नियमित अनुगमन, समिक्षा तथा सार्वजनिक प्रतिवेदन गरिनेछ ।

७.४९ वडा तथा पालिका स्तरमा पोषणको अवस्था सुधारका लागि वार्षिक समिक्षा तथा सिकाइ आदान-प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

७.५० सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट हुने कार्यको रेकर्डिङ्ग तथा रिपोर्टिङ्ग डिजिटल प्रविधिबाट गर्ने व्यवस्था मिलाईनेछ ।

## ८. महिला वालवालिका तथा जेष्ठ नागरिक :

८.१ अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता पहिचान गरी सहायक सामग्री उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

८.२ एकल महिलाहरुको शीप तथा दक्षता अभिवृद्धिका लागि सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८.३ बाल विवाह , वालश्रम, दहेज प्रथा , वहु विवाह, वोक्सीको आरोप जस्ता सामाजिक कुरीति अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरी यसको न्यूनिकरण गर्ने नीति लिइनेछ ।

८.४ विभिन्न प्रकारका हिंसावाट पिडित महिलाहरुलाई तत्काल उद्धार गर्नको लागि लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ ।

८.५ किशोर किशोरीका लागि व्यवहारिक र जीवनपयोगी सीप प्रदान गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।

८.६ बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

८.७ बालमैत्री शासन दिगोपनाका लागि बालमैत्री स्वयं सेवकलाई निरन्तरता दिइनेछ ।

८.८ सुनाई सम्वन्धी अपाङ्गता भएका व्यक्तिहरुलाई भाषा आदान प्रदान गर्न सहज बनाउन दोभाषेलाई निरन्तरता दिइनेछ ।

८.९ जनप्रतिनिधि र वडा सचिवहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१० महिला हिंसा तथा भेदभावको अन्त्य गरी महिला सशक्तिकरण तथा सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

८.११ नगर भित्र बालश्रमको अन्त्य तथा वालवालिकाको अधिकार सुनिश्चित गर्न नगरका १२ वटै वडाहरुमा "**बाल श्रममुक्त नगर"** अभियान सञ्चालन गरिनेछ ।

८.१२ बालवालिका, महिला, युवा, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित, पिछडावर्ग, आदिवासी जनजाती , मुस्लिम, ज्येष्ठ नागरिक, जोखिमा रहेका असहाय तथा सडक आश्रित नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र बिपन्न लगायत अन्य समुदायको अधिकार सुनिश्चित तथा सशक्तिकरण गर्ने नीति अबलम्बन गरिनेछ ।

८.१३ शारीरिक वा मानसिक हिंसा वा यौन दुव्यवहारवाट प्रभावित महिला तथा बालवालिकाहरुका लागि सुरक्षित अल्पकालीन आवास गृहको व्यवस्थलाई निरन्तरता दिइनेछ ।

८.१४ महिलाको सर्वाङ्गीण उत्थान र सवलीकरण विशेष ध्यान दिइनेछ । महिला विरुद्ध हुने हिंसा, शोषण र भेदभाव अन्त्य गरिनेछ ।

८.१५ मानव बेचबिखन र ओसारपसारमा शून्य सहनशीलता अपनाईनेछ । लैङ्गिक हिंसा पिडितहरुका लागि तत्काल संरक्षण, उपचार, मनोसामाजिक परामर्श र शीघ्र न्यायिक निरुपणका लागि आवश्यक सहयोग गरिनेछ ।

८.१६ बालबालिकको शारीरिक तथा मानसिक बिकास र संरक्षणमा जोड दिइनेछ । सडक बालवालिकाका लागि पारिवारिक पूरनमिलन सामाजिक पूनस्थापना र बैकल्पिक हेरचाहको व्यवस्था मिलाईनेछ ।

८.१७ अपाङ्गता भएका व्यक्तिहरुका लागि मध्यनजर गर्दै सार्वजनिक पूर्वाधार र सेवाहरुलाई अपाङ्गतामैत्री बनाईनेछ ।

८.१८ महिला सशक्तिकरण तथा पोषण सुधारका लागि सीप विकास र उद्यमशिलता कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१९ बालविवाह, किशोरी गर्भाधारण तथा लैङ्गिक विभेद न्यूनिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२० सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशिलता अपनाउँदै मानव बेचबिखनमूक्त समाज निर्माण गरिनेछ ।

८.२१ हिंसा पिडित-केन्द्रित सेवा प्रणाली सुदृढ गरी उद्धार, कानूनी सहायता र सुरक्षित आवास (सेफ हाउस)लाई व्यवस्थित गर्दै निरन्तरता दिइनेछ ।

८.२२. सडक बालबालिकामूक्त र बालश्रममूक्त नगर घोषणा गरिनेछ ।

## ९ . गैर सरकारी संस्था सम्वन्धी नीतिहरु :

९.१ नगर भित्र दर्ता भएको गैर सरकारी सामुदायिक संस्था र सहकारी संस्थाको प्रोत्साहन तथा नियमनको नीति लिइनेछ ।

९.२ राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ/संस्थाहरुसँग समन्वय र सहकार्य गरी स्वास्थ्य, शिक्षा, पोषण, वाल संरक्षण खानेपानी तथा सरसफाई विपद जोखिम न्यूनिकरण र बाल केन्द्रित योजना तर्जुमा कार्यक्रम सञ्चालित गर्न समन्वय र सहकार्य गर्ने ।

९.३ बैदेशिक रोजगारबाट फर्किएका मानिसहरुलाई वित्तिय साक्षरता मनोसामाजिक परामर्श सेवा कार्यक्रम सञ्चालन गर्न सामी परियोजनासँग समन्वय र सहकार्य गरी निरन्तरता दिइनेछ ।

९.४ गैर स.स.बाट भित्रिने बजेटलाई पारदर्शी तुल्याउत लागतर सहभागिताका आधारमा नगरको वजेटमा आवद्ध गरिने कार्यलाई लागू गर्दै लगिनेछ ।

## १०. संस्कृति प्रवर्द्धन

१०.१ संस्कृति संरक्षण र सम्बर्द्धनका लागि ऐतिहासिक पुरातात्विक साँस्कृतिक धार्मिक महत्वका पूर्वाधारको निर्माण संरक्षण र सम्वर्द्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

१०.२ परम्परादेखि चलिआएका धार्मिक एवं साँस्कृतिक मेला तथा पर्वहरुलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि तोकिए बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ ।

१०.३ लोपोन्मुख अवस्थामा रहेका सँस्कृती तथा सम्पदाहरुलाई जगेर्णा र संरक्षण गर्न विशेष सहयोग र सहजिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

## ११. पूर्वाधार क्षेत्र

११.१ सडक तथा पुल

११.२ पूर्वाधार योजनाहरुको लागत इष्टिमेट स्थलगत अनुगमन तथा मूल्याङ्कन कार्यलाई छिटो, छरितो तथा प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि प्राविधिकहरुलाई आवश्यक तालिम प्रविधिगत सहयोगको व्यवस्था मिलाईनेछ ।

११.३ पूर्वाधार विकासका लागि आवश्यक्ता अनुसार सर्वेक्षण, डिजाइन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना दस्तावेज (DPR,IEE,EIA)तयारी गरी योजना आयोजनाहरु सञ्चालनमा ल्याईनेछ ।

११.४ **"उज्यालो कञ्चनरुप"** को अवधारणा अनुरुप प्रत्येक टोल टोल जोडिने सडकहरुमा सोलार, टावरवत्ति स्ट्रिट लाईट प्रविधिको माध्यमवाट सडकवत्ति जडान गरिनेछ ।

११.५ नगरपालिकाको सम्पूर्ण वडा तथा सम्पूर्ण शाखाहरुको कामको निगरानी गर्न सि.सि.टि.भि.क्यामेरा जडान गरिनेछ ।

११.६ सवै वडा टोल जोड्ने पक्की सडक, ढल तथ कल्भर्ट गुणस्तरीय निर्माण गर्ने साथै समय समयमा मर्मत सम्भारमा बिशेष ध्यान दिइनेछ ।

११.७ नवीकरणीय उर्जा प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

११.८ नगर सडकहरुको पहिचान, वर्गिकरण , प्राथमिकिकरण तथा लगानी योजना Municipality Road Network Master Plan (MRNMP)लाई वनाई लागू गरिनेछ ।

११.९ संघीय सरकार र प्रदेश सरकार वाट प्राप्त हुने सशर्त समपुरक र विशेष अनुदानवाट सञ्चालित अधुरो र अपुरो वहुवर्षिय योजनाहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

११.१० सडकहरुलाई सुरक्षित आकर्षित र सफा राख्नुको साथै दुर्घटना न्यूनीकरण गर्न सडक सुरक्षा तथा सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

११.११ सडक मर्मत सम्भार दिगो सडकको आधारलाई मुर्त रुप दिन Annual Road Maintenace Plan (ARMP) तयार गरी लागू गरिनेछ ।

११.१२ स्वच्छता अभियान लगायत अधुरो र अपुरो क्रमागत योजनाहरुको अनुगमनलाई तिव्रता दिई सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

११.१३ घर नक्सा सम्वन्धि कार्यविधि वनाई कार्यान्वयनमा ल्याईनेछ ।

## १२. भवन तथा शहरी विकास

१२.१ नगरभित्रका खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गरउनका लागि साना सिंचाई कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.२ घरनक्सा डिजाईन, ड्रोइङ्ग पेशामा आवद्ध कन्सल्टेन्सी तथा प्राविधिकलाई अनिवार्य रुपमा सूचिर्कत हुने व्यवस्था मिलाईनेछ ।

१२.३ नक्सा पास तथा अभिलेखिकरण प्रकृयालाई प्रभावकारी तथा पारदर्शिता बनाउनलाई Online Buildingpermite System Software सञ्चालनमा ल्याउने व्यवस्था मिलाईनेछ ।

१२.४ निजी तथा सार्वजनिक भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गरेर मात्र निर्माण गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१२.५ नगरपालिका क्षेत्रभित्र बन्ने सबै घर मापदण्ड अनुसार भुकम्प प्रतिरोधात्मक घर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

१२.६ भवन सम्पन्नताको प्रमाण पत्र दिंदा सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरु हटाएपछि र कम्तिमा २ वटा विरुवा रोपेपछि मात्र प्रमाण पत्र उपलब्ध गराउइनेछ ।

**१३. वन वातावरण तथा विपद् व्यवस्थापन :**

**१३.१ वन :**

१३.२ नगर भित्रको राष्ट्रिय वन, सामुदायिक वन संरक्षण र सामुदायिक वन व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी खाली प्रति जग्गामा वृक्षारोपण गरी हरियाली नगर बनाउने नीति लिइनेछ ।

१३.३ **"हरियाली प्रवर्द्धन अभियान, हरित गाउँ शहर, स्वच्छ गाउँ शहर"** नारालाई आत्मसात गर्दै थप प्रभावकारिताका साथ वृक्षारोपण कार्यलाई अगाडि बढाइनेछ ।

१३.४ नगर भित्रका खाली सरकारी, सार्वजनिक जग्गा, नदी उकास, नहर, सडक किनार, विद्यालय, अस्पताल, मठमन्दिर एवम तटबन्ध लगायतका स्थानमा वन सम्वद्ध संघ/संस्थाहरुसँगको सहकार्यमा संरक्षण सहितको वृक्षारोपण मार्फत हरियाली प्रवर्द्धन गर्दै कार्बन सञ्चितिकरणमा अभिवृद्धि गरिनेछ ।

१३.५ समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत निजी, सार्वजनिक तथा राष्ट्रिय वनको दिगो व्यवस्थापन गरी वनजन्य उद्यम स्थपाना र विकास मार्फत वनक्षेत्रबाट उल्लेखनीय रोजगारी र आय आर्जनका अवसरहरु सृजना गरिनेछ ।

१३.६ राष्ट्रिय वृक्षारोपण दिवसका अवसरमा **"एक व्यक्ति एक विरुवा"** वृक्षारोपण अभियानलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१३.७ सामुदायिक वनहरुको दिगो व्यवस्थापन मार्फत काठ, जडिबुटी र वनमा आधारित लघु उद्यम व्यवसाय प्रवर्द्धन गरी स्वरोजगार श्रृजना गरिनेछ ।

१३.८ वन्यजन्तुबाट हुने क्षतिपूर्ति पूर्व सूचना प्रणाली, रोकथाम संरचना निर्माणका लागि प्रदेश तथा संघीय सरकारमा आवश्यक पहल गरिनेछ ।

**१४. विपद् व्यवस्थापन**

१४.१ विपदबाट हुने क्षतिको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१४.२ पूर्वाधार विकासका क्रियाकलापहरु संचालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्र विन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्न व्यवस्था मिलाइएको छ ।

१४.३ सम्भावित बाढीजन्य प्रकोपको नियन्त्रणको लागि उपयुक्त ठाउँमा बाँध, तटबन्ध, पुल तथा निकासहरुको उचित व्यवस्थापन गरिनेछ ।

१४.४ विपद्को समयमा आपत्कालिन उद्धार र राहतको लागि खुला सार्वजनिक स्थानको पहिचान गरी आपत्कालिन आश्रयस्थलको रुपमा विकास गरिनेछ ।

१४.५ विपद्बाट हुनसक्ने क्षतिको तत्काल उद्धार राहत र पुर्नस्थापनाका लागि आवश्यक जनशक्ति सामाग्री खरीद तथा श्रोतको पहिचान गरिनेछ ।

१४.६ विपद् व्यवस्थापन कोषको प्रयोगलाई अझ व्यवस्थित गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

१४.७ एम्बुलेन्स, दमकल जस्ता सेवालाई २४सै घण्टा संचालन हुने गरी तयारी हालतमा राख्न आवश्यक वजेट व्यवस्था मिलाईनेछ ।

१४.८ विपद् व्यवस्थापनमा पूर्व तयारीको सुनिश्चित गर्दै विपद् व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४.९ खोला किनार तथ विपद् संवेदनशील बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण सम्भावित बाढी वन्यजन्तु आतङ्क, आगलागी, महामारी लगायत बहुजोखिम नक्सा तयार गरी विपद् पूर्वतयारी तालिम, नमूना अभ्यास तथा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४.१० विपद्मा राहत, उद्धार तथा क्षति पूर्ति व्यवस्थापनको लागि आपूर्ति गर्न आवश्यक सामाग्रीको लागि विपद् व्यवस्थापन कोषको स्थापना गरी संचालनमा ल्याइनेछ ।

## १५. खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन

१५.१ फोहहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रुपमा शौचालय सेफ्टी ट्यांकी निर्माण गर्नु पर्ने व्यवस्था लागू गरिनेछ ।

१५.२ नगरपालिका क्षेत्र भित्रको मुख्य स्थानहरुमा सार्वजनिक शौचालयको व्यवस्था मिलाईनेछ ।

१५.३ स्वास्थ्य संस्थाहरुबाट निस्कने फोहर मैला बिसर्जन तथा गुणस्तरीय सेवाको लागि फोहर बिसर्जन तथा फोहर प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।

१५.४ नागरिकलाई शुद्ध पिउने पानीको लागि घर घरमा धारा, चौक, चौराहामा बत्ती कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.५ खोनपानीमा पहुँच विस्तारका लागि निर्माणाधिन तथा सम्पन्न आयोजनाहरुको मर्मत, पुर्नस्थापना र उपयोग सुनिश्चित गरिनुको साथै सुख्खाग्रस्त क्षेत्रहरुमा स्वच्छ पानी आपूर्ति, परम्परागत स्रोतहरुको संरक्षण तथा रिजर्भ ट्यांङ्कीमा ट्रिटमेन्ट प्लान्ट जडान तथा वितरण कार्यक्रमहरु सञ्चालन गर्न कंचनपुर खानेपानी उपभोक्ता समितिमा सहकार्य र समन्वय गरी सेवा विस्तार गरिनेछ ।

१५.६ सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी कार्यक्रमलाई पोषणसँग एकीकृत गरी सञ्चालन गरिनेछ ।

१५.७ खुला दिसामुक्त तथा पूर्ण सरसफाई समुदायको दिगोपन सुनिश्चित गरिनेछ ।

१५.८ नियमित फोहर संकलनको लागि नगर ट्याङ्करको उपयुक्त व्यवस्था मिलाईनेछ ।

## १६. जलाधार संरक्षण

१६.१ वन जङ्गल, वन्यजन्तु, ढुङ्गा, बालुवा, नदी, खोला, खानी आदि प्राकृतिक श्रोतहरुको पहिचान गरी वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा मात्र उत्खनन गर्ने व्यवस्था मिलाईनेछ ।

१६.२ पानीको श्रोत, मुहान, पोखरी, तलाउ लगायतका जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

१६.३ वन पैदावार, ढुङ्गा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याउन ठेक्का बन्दोबस्ती गरिनेछ ।

## १७. वारुणयन्त्र सञ्चालन र व्यवस्थापन

१७.१ वारुणयन्त्र सञ्चालनको लागि आवश्यक पर्ने जनशक्तिलाई थप तालिमको व्यवस्था मिलाईनेछ ।

१७.२ वारुणयन्त्रको सुरक्षा, मर्मत र तयारी अवस्थामा राख्नका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

## १८. सु-शासन तथा संस्थागथत विकास

१८.१ नगरपालिकाबाट प्रदान हुने सेवहरु चुस्त दुरुस्त बनाउन नगरपालिका अन्तर्गतका सम्पूर्ण शाखा, उप-शाखा तथा मात्तहतका सम्पूर्ण कार्यालयहरुमा विद्युतिय हाजिरीलाई व्यवस्थित गदै लगिनेछ ।

१८.२ जनप्रतिनिधीहरुको क्षमता विकासका लागि आवश्यक्ताको पहिचान गरी सोही अनुसार तालिम सञ्चालन गरिनेछ ।

१८.३ नगरपालिकाबाट प्रदान हुने सेवाहरुलाई पारदर्शी, जवाफदेही, नियमित, मित्तव्ययि बनाईनेछ । यसका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैङ्गिक उत्तरदायी वजेट निर्माण र विश्लेषण जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ ।

१८.४ पत्रकारिता क्षेत्रलाई मर्यादित तथा व्यवस्थित गर्न पत्रकारहरुलाई तालिम, सम्मान साथै पुरस्कृत गरिने कार्यलाइृ निरन्तरता दिइनेछ ।

१८.५ आन्तरिक पर्यटकलाई बढावा दिने उद्देश्यले यस नगरपलिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई आन्तरिक तथा बाह्य भ्रमणको विदा मिलाई सो अवधीको सेवा सुविधाको व्यवस्था मिलाईनेछ ।

१८.६ गुनासो सुझाव तथा समस्या सामाधानका लागि गुनासो सुनुवाई अधिकारी तोकी जनताको कुरा सुन्ने र सामाधान गर्ने संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

१८.७ नगर बजेटको विनियोजन र खर्चको पारदर्शिता प्रवर्द्धन तथा लेखाजोखा गर्न आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी कार्यान्वयनमा ल्याईनेछ ।

१८.८ हरवा चरवा, विपन्न, गरिव, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला,प विभिन्न आन्दोलनका सहिद् र घाइतृ परिवारको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुऱ्याउन स्वरोजगारमूलक विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.९ निर्माण लगायतका गतिविधिमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्रभावकारिता सुनिश्चित गर्न मापदण्ड अनुपालनको प्रभावकारी अनुगमन गरिनेछ । साथै सरोकारवाला बीच विद्यमान ऐन, नीति र नियम वारे सचेतनामूलक एवम् अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.१० लागू पदार्थ, मादक पदार्थ र सुर्तिजन्य दुर्व्यसन न्यूनिकरणका लागि प्रत्येक वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.११ दलित विपन्न तथा उपेक्षित वर्गलाई लक्षित गरी नेपालको संविधानद्वारा प्रदत्त आवास सुविधाको मौलिक हकलाई सुनिश्चितता गर्न संघीय सरकार र मधेश सरकारसँग समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ ।

१८.१२ स्थानीय सुरक्षा निकाय, गैरसरकारी संस्था र सरोकारवालाहरुको सहभागितामा लागू औषध, मानव बेचबिखन नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.१३ सर्वसाधारणको कानूनी जानकारीमा सहज पहुँच सुनिश्चित गर्न नगर राजपत्रको नियमित प्रकाशन र कानूनी सूचना व्यवस्थापन प्रणाली (LIMS) को विकास गरिनेछ ।

१८.१४ नगर भित्रका श्रमजिवी पत्रकारहरुको हकहित सुनिश्चित गर्न र सूचना प्रवाह प्रभावकारी बनाउन मर्यादित पत्रकारिता स्वस्थ्य सूचना प्रवाह जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.१५ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी समावेशी र उत्तरदायी बनाउन सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१८.१६ गरिबी निवारण प्रति लक्षित कार्यक्रमहरु समन्वयात्मक र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । विपन्न पहिचान हुन बाँकी रहेका वडाहरुमा विपन्न पहिचान कार्यान्वयन लागू गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८.१७ लागू औषध दुर्व्यसन, आत्महत्या नियन्त्रण, साइवर अपराध नियमन लगायत समाजमा घट्ने अपराध नियन्त्रण गर्न स्थानीय सुरक्षा निकायको सहयोगमा सचेतनामूलक र नियमन कार्य गरिनेछ ।

१८.१८ जेष्ठ नागरीक सामाजिक सुरक्षा भत्ता नलिने व्यक्तिलाई नगरपालिकाबाट सम्मानित गर्ने नीति अवलम्बन गरिनेछ ।

१८.१९ कञ्चनरुप नगरपालिका भित्र रहेका व्यवसाय यकिन गर्न समिति बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१८.२० दुई चक्के र चार चक्के गाडी पार्किङ्गको लागि कार्यविधि बनाई लागू गरिनेछ ।

१८.२१ नगरपालिका सञ्चालन तर्फका खर्चहरुलाई मित्तव्ययीत्ता अपनाई खर्च घटाउँदै लगिनेछ ।

१८.२२ उत्कृष्ठ तथा राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत तथा अनुशासन पालना नगर्ने कर्मचारीलाई दण्ड तथा कारवाही गर्ने नीति अवलम्बन गरिनेछ ।

१८.२३ कर्मचारीहरुको वृद्धि विकासलाई निरन्तरता दिइनेछ ।

१८.२४ बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-II) लाई प्रभावकारी कार्यान्वयन गरिनेछ । स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रणालीमा संस्थागत गरिनेछ ।

## १९. न्यायिक समिति सम्बन्धी नीति :

१९.१ विवादको निरुपण गर्दा सम्भव भएसम्म मेलमिलापलाई प्राथमिकता दिई दुबै पक्षको सहमतिमा जीत जीतको सिद्धान्त अवलम्बन गरिनेछ ।

१९.२ न्यायिक समितिको व्यवस्थापनको लागि नगरपालिकाले छुट्टै कानूनी शाखा र कानूनी सल्लाहकारको व्यवस्था गरी न्याय सम्पादन कार्यलाई निरन्तरता दिइनेछ ।

१९.३ न्याय प्रणालीलाई छिटो, छरितो, पारदर्शी र विश्वसनीय बनाई न्यायमा आम नागरिकको पहुँच अभिवृद्धि गर्न न्याय सेवाको संरचनात्मक सुधार गरिनेछ ।

१९.४ न्यायिक समितिबाट न्याय सम्पादन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन कानून सम्बन्धी जानकारी सर्वसाधारण समक्ष पुऱ्याउन कानूनी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।

१९.५ मेलमिलाप केन्द्रको विकास र प्रवर्द्धन गरी विवाद निरुपणमा सो विशेष व्यवस्था गरिनेछ ।

## २०. शान्ती सुरक्षा सम्बन्धी नीति

२०.१ नगर भित्रको सार्वजनिक आवागमन सुव्यवस्थित गर्न र विभिन्न चाडवाड, मेला, महोत्सव, प्रदर्शनीलाई व्यवस्थापन गर्न नगर प्रहरी परिचालन गरी स्थानीय सुरक्षा निकायमा समन्वय गरी प्रभावकारी बनाइन्छ ।

## २१. संस्थागत क्षमता विकास :

२१.१ नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाउन आवश्यक वजेट व्यवस्था गरिनेछ ।

२१.२ कुनै एक शाखा वा फाँटमा कार्यरत कर्मचारीको अभावमा कार्यालयको काममा अवरोध हुने वा सेवाग्राहीलाई समस्या भोग्नु पर्ने अवस्थालाई मध्यनजर गरी सबै कर्मचारीहरुलाई सबै प्रकृतिका कार्य

गर्न सक्ने तुल्याउन एक भन्दा बढी शाखाको जिम्मेवारी दिने या निश्चित समयमा शाखा परिवर्तनको नीति लिइनेछ ।

२१.३ नगरपालिकामा कार्यरत कर्मचारीहरु वडा सचिवहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको कार्यक्रम सञ्चालन गरिनेछ ।

२१.४ कञ्चनरुप नगरपालिकाका १२ वटै वडाका बस्तीहरुमा टोल विकास संस्था गठन गर्ने र न.पा. भित्रका रोडहरुको नामाकरण गरी होर्डिङ्ग बोर्ड राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

**२२. लघुउद्यम तथा सुरक्षित आप्रवासन**

२२.१ गरिबी न्यूनीकरणका लागि लघुउद्यम विकास कार्यक्रमलाई निरन्तरता दिंदै विपन्न परिवारलाई रोजगारीको श्रृजना गरिनेछ ।

२२.२ विदेश पलायन हुने श्रम तथा युवा जनशक्तिलाई उद्यम, कृषि, पशुपालन व्यवसाय तथा अन्य रोजगारीको श्रृजना गरिनेछ ।

२२.३ वैदेशिक रोजगारको कारण व्यक्ति, परिवार तनथा समाजमा उत्पन्न नकारात्मक असर वा मनोसामाजिक समस्यालाई न्यनिकरणको लागि मनोसामाजिक परामर्श सेवालाई प्रभावकारी बनाइनेछ ।

२२.४ स्थानीय कच्चा पदार्थ आधारमा आधारित उद्यमशिलता र सीपमा आधारित औद्योगिक विकासलाई प्रोत्साहित गरिनेछ ।

२२.५ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) मोडेललाई निरन्तरता दिंदै विपन्न परिवारलाई रोजगार श्रृजना गरिनेछ ।

२२.६ विदेश पलायत हुने श्रम तथा युवा जनशक्तिलाई उद्यम, कृषि, पशुपालन, व्यवसाय तथा अन्य रोजगारका अवसर उपलब्ध गराउने गैर सरकारी संघ/संस्थाहरुको समन्वय सहकार्यमा र लागत साझेदारीमा युवा लक्षित सिप विकास तथा व्यवसायिक तालिमहरु सञ्चालन गरिनेछ ।

२२.७ गरिबीको रेखामुनि रहेका नेपाली नागरिक, वैदेशिक रोजगारबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका वेरोजगार व्यक्तिलाई उद्यमशिलता विकास तालिम दिई लघु उद्यम व्यवसायबाट स्वरोजगार सृजना गरिनेछ ।

२२.८ लघु उद्यमीबाट उत्पादित वस्तु वा सेवाको दिगो बजारीकरणको लागि लघु उद्यमी, लघु उद्यमी समूह, सहकारी र खरिद गर्ने संस्था, समुदाय वा व्यक्तिले बजारीकरणको लागि सहयोग गरिनेछ ।

२२.९ विक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरु सम्भव भएसम्म विक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, विक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था गरिनेछ ।

२२.१० उद्यमीहरुलाई उद्योगको प्रकृति आवश्यक्ता र उद्योगबाट सृजना हुने रोजगारका आधारमा प्रविधि उपलब्ध गराईनेछ ।

२२.११ करका संरचनाहरुको पुनरावलकोन गर्दै लघुउद्यमी मझौला उद्यमीहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

२२.१२ सुरक्षित वैदेशिक रोजगारीको लागि सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**२३. राजश्व परिचालन तथा आर्थिक प्रशासन :**

२३.१ कञ्चनरुप नगरपालिकामा अगामी आर्थिक वर्ष २०८३।०८४ देखि अनिवार्य रुपमा सम्पत्ति कर लागू गरिनेछ । एकिकृत सम्पत्ति कर प्रयोजनको लागि सम्पत्तिको वर्गीकरण र मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न यथाशिघ्र एक कार्यदल गठन गरी कार्य आरम्भ गरिनेछ ।

२३.२ नगरपालिकालाई आवधिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कृत गरिनेछ ।

२३.३ करका दरहरुलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ ।

२३.४ करको दायरामा नआएका क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ । यसको लागि चालु आ.व.मा नै आन्तरिक राजश्व अभिवृद्धि सुझाव तथा कार्यदल बनाई प्रारम्भ गरिनेछ ।

२३.५ नगर क्षेत्रभित्रका कर संकलन, पान तथा भ्याट नम्बर व्यवसायीहरुलाई उपलब्ध गराएने कार्य सुचारु गरिनेछ ।

२३.६ नगरपालिका र मातहतका कार्यालयबाट हुने सबै आर्थिक कारोवारलाई डिजिटल प्लेटफर्ममा आवद्ध गरी नगदरहित, पारदर्शी र राजश्व चुहावट युक्त नगरपालिका बनाउन पहल गरिनेछ ।

२३.७ व्यवसाय दर्तालाई सहज बनाउन घुम्ति सेवा सञ्चालन गरिनेछ ।

२३.८ नापी र मालपोत सेवालाई एकिकरण गरी जग्गा प्रशासन सेवा स्थानीय तहबामा विस्तार गर्ने नेपाल सरकारको नीतिलाई स्वागत गर्दै आ.व.२०८३।०८४ बाटै यो व्यवस्थालाई व्यवहारमा लागू गरिनेछ ।

२३.९ ढुङ्गा, गिटी, बालुवा लगायत निर्माण सामाग्रीको दिगो उपयोग, पारदर्शी आपूर्ति र नियमन गरी अवैध उत्खनन तथा अनियमितता नियन्त्रण गरी सो क्षेत्रबाट हुने राजश्व चुहावट कार्यलाई निरुत्साहित गरिनेछ ।

## २४. आन्तरिक र अन्तिम लेखा परीक्षण :

२४.१ आम्दानी तथा खर्च सम्बन्धी काम कारवाहीलाई नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको सिद्धान्तको आधारमा आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

२४.२ गत आ.व.को लेखापरीक्षणबाट कायम हुन आएको बेरुजु असुल उपर तथा फछ्र्यौटका लागि तदारुकताका साथ कारवाही बढाई फछ्र्यौट तथा असुल उपर गरी नियमित गर्नुपर्ने बेरुजुलाई नियमित गरिनेछ ।

## २५. रोजगार सेवा

२५.१ स्थानीय स्तरमा वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरु श्रम स्वीकृति पुनः श्रमस्वीकृतिको व्यवस्था गरिनेछ ।

२५.२ गरिब न्यूनीकरण र रोजगार सृजना गर्न वैदेशिक रोजगारबाट फर्किएका तथा बेरोजगार युवाहरुको आर्थिक अवस्था सुदृढ गर्न सीपमूलक तालिम उपलब्ध गराइ लघु उद्यमी तर्फ उन्मुख गराइनेछ ।

२५.३ वैदेशिक रोजगारीमा जाने तथा फर्किने श्रमिकहरुको तथ्याङ्क संकलन गरी डिजिटल प्रणाली व्यवस्थापन गरिनेछ ।

२५.४ रोजगार, स्वरोजगार तथा उद्यमशिलतालाई प्रवर्द्धन गरी गरिबी न्यूनीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२५.५ वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिनेछ ।

**२६.	सेवा प्रवाहका मापदण्ड निर्धारण**

२६.१	सेवा प्रवाहलाई उपलब्ध वजेट र जनशक्तिको आधारमा अधिकतम रुपमा प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

२६.२	लागत अनुमान तयारी, मूल्याङ्कन विलको तअयारी, योजनाको प्रशासनिक कामको तयारी तथा अभिलेखिकरण, कर संकलन तथा अभिलेखिकरण जस्ता क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउन सफ्टवेयर, प्रविधिलाई अवलम्बन र प्रयोग गरिनेछ ।

**२७.	पञ्जिकरण**

२७.१	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा, राष्ट्रिय परिचयपत्र लगायत गुनासो सुनुवाई सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

यस नीतिमा समावेश गरिएका विषयगत क्षेत्रहरुमा आवश्यक वजेट व्यवस्थापन गर्ने र नीतिलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्दै लैजान सबै नगरसभा सदस्यहरु र सम्बन्धित सरोकारबाला तथा साझेदार निकायहरु समक्ष आवश्यक समन्वय, सहकार्य गरिनेछ ।

अन्त्यमा समृद्ध कञ्चनरुप नगरपालिका बनाउने उद्देश्यका साथ सिमित श्रोत साधनका बाबजुद ल्याइएको यस नीति तथा कार्यक्रम अमूल्य सल्लाह सुझाव दिनु हुने नगर उप-प्रमुखज्यू, वडा अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यू, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज आम सञ्चार जगत र नगरबासीहरु प्रति हार्दिक कृतज्ञता एवम् आभार व्यक्त गर्दै सबै प्रति आभारी हुँदै धन्यवाद व्यक्त गर्दछु ।

साथै प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको हित भई प्रभावकारी गुणस्तरीय सेवा प्रवाह हुने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबैको रचनात्मक सहयोग सुझाव र सहकार्यको अपेक्षा सहित सबै क्षेत्रबाट सकारात्मकक सहयोग र योगदान हुने विश्वास लिएको छु ।

धन्यवाद !

**ललन प्रसाद गुप्ता**
**नगर प्रमुख**
कञ्चनरुप न.पा., कंचनपुर,
सप्तरी
मिति : २०८३।०३।१०